(आ.व. २०८२।८३ को पाँचौं बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८२/०९/१० गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ यसभन्दा अघिल्ला कार्यपालिका बैठकहरुमा भएका निर्णय तथा उक्त निर्णयहरुको कार्यान्वयन तथा कार्यप्रगतिका बारेमा समिक्षा गरियो ।

२ सत्रौं नगरसभाबाट वडा नं. ५ को वडा कार्यालय भवन निर्माणका लागि रु ४०,००,०००।- विनियोजन भएको तथा वडा नं ७ को वडा कार्यालय भवन निर्माणका लागि रु ३५,००,०००।- रकम विनियोजन भएकोमा उक्त वडा कार्यालयहरु सम्वन्धित वडा कार्यालयकै नाममा रहेको जग्गामा निर्माणका लागि यस कार्यालयद्वारा तयार भएको लागत अनुमान अन्तर्गत वडा नं. ५ को कार्यालयका लागि रु १,२९,१०,२३५।- तथा वडा नं. ७ को कार्यालयका लागि रु १,२२,१०,२८५।- भएकोमा उक्त लागत स्टमेट स्वीकृत गरी उक्त कार्यालय भवनहरु निर्माणकार्य सम्पन्न गर्न गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट सञ्चालन हुने स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्वन्धि मापदण्ड २०८१ (दोस्रो शंसोधन) बमोजिम प्रस्ताव पेश गर्ने र उक्त साझेदारी बमोजिम टेण्डर प्रकृयाबाट निर्माण कार्य गर्दा फलेवास नगरपालिकाको यस आर्थिक वर्षमा विनियोजन भई अपुग हुने रकम यसै आर्थिक वर्षको कुनै शिर्षकबाट रकमान्तर गरी वा आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट कार्यक्रममा समावेश गरी स्रोत सुनिश्चितताको प्रतिवद्धता सहित सम्झौताका लागि नगरप्रमुख श्री गंगाधर तिवारी र प्रमुख प्रशासकीय अधिकृत श्री जीवन ज्ञवालीलाई गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालय पोखरामा सम्झौताका लागि पठाउने र सम्झौता लगत्तै खरिद प्रकृया अघि बढाउने ।

३ गत आर्थिक वर्षमा कृषि यान्त्रिकरण शिर्षक अन्तर्गत तपशिल बमोजिमका उपशिर्षकमा खर्च भएका कार्यक्रमहरु तथा खर्च स्वीकृत गरी उक्त कार्यक्रमका लागि कृषि स्नातक श्री केदार सापकोटाका नाममा रहेको पेश्की रकम रु २५,२५,०००।- पेश भएका कागजातका आधारमा फर्छ्यौट गर्ने, महिला तथा बालबालिका शाखा अन्तर्गतको सहिद, विपन्न, द्वन्द्वपीडित तथा महिला आयआर्जन कार्यक्रम अन्तर्गत महिला विकास निरिक्षक श्री आरती रेग्मीका नाममा रहेको पेश्की रकम रु १,५०,०००।- पेश भएका कागजातका आधारमा फर्छ्यौट गर्ने । तथा हरित विद्यालय कार्यत्रलम श्री ध्रुव नमुना माध्यमिक विद्यालय खानीगाउँका नाममा रहेको पेष्की रकम रु ७५,०००।- पेश भएका कागजातका आधारमा फर्छ्यौट गर्ने ।

**तपशिल:**

| क्र.सं. | बजेट शिर्षक | बिनियोजित बजेट | औजार सामाग्रि | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ केरा पकेट विकास कार्यक्रम | ४०६०००।- | मिनि टिलर | संघीय सशर्त |
| २ | मकैबाली प्रवर्धन कार्यक्रम | ३,२८,०००।- | मिनि टिलर | संघीय सशर्त |
| ३. | कृषि यान्त्रिकरण कार्यक्रम मिनि टिलर वितरण | २९,००,०००।- | मिनि टिलर | समानिकरण |
| ४ | गाईपालन अनुदान | ९,६६,०००।- | मिनि टिलर | समानिकरण |
| ५. | कृषि यान्त्रिकरण कुटानी पिसानी मिल वितरण | १७,००,०००।- | कुटानी पिसानी मिल | समानिकरण |

४ प्राविधिक कारण कार्यसम्पादन हुन नसकेको फलेवास नगरपालिका २ अन्तर्गतको खुम पहिरो नियन्त्रण योजना शंसोधन गरी हटिया गहते मोटरबाटो स्तरोन्नती कार्य गर्नेगरी आयोजना समन्वय समितिको निर्णय सदर गर्ने ।

५ यसै नगरपालिका वडा नं. ८ का वडाध्यक्ष एवं कार्यपालिका सदस्य श्री मनबहादुर कुँवर मिति २०८२।०९।०५ गते सवारी दुर्घटनामा परी घाइते भएकोमा हाल उपचाररत रहनुभएको हुँदा उहाँको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने ।